श्री

# उच्च अदालत विराटनगर इलाम इजलास

## (प्रशासन शाखा)

प.सं.

च. नं. ३५४०

मितिः- २०७७।०३।०४

विषय : बन्दाबन्दीको अवधिमा यस अदालतबाट सम्पादन हुने काम कारबाही सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस अदालतबाट हाल बन्दाबन्दीको अवधिमा भैरहेको र आगामी दिनमा सम्पादन गर्न सकिने थप कामकारबाहीहरुका सम्बन्धमा यस अदालतको मुख्य भै काम गर्ने माननीय न्यायधीश श्री शिवनारायण यादवज्यू को अध्यक्षता तथा देहायका उपस्थितिमा मिति २०७७।०३।०४ गते वैठक बसी निम्म बमोजिमका निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सहभागिता र उपस्थिति-

| क्र. सं. | सहभागि निकाय | उपस्थिति पदाधिकारी | कैफियत |
|---|---|---|---|
| १ | उच्च अदालत विराटनगर इलाम इजलास | माननीय मुख्य न्यायाधीश ज्यू<br>माननीय न्यायाधीशज्यूहरु<br>रजिष्ट्रार<br>कर्मचारीहरु | |
| २ | उच्च सरकारी वकील कार्यालय इलाम | का.मु. सहन्यायाधिवक्ता,<br>शाखा अधिकृत | |
| ५ | उच्च अदालत वार इकाई इलाम | अध्यक्ष, सदस्यहरु | |
| ६ | जिल्ला अदालत वार इलाम | अध्यक्ष, सदस्यहरु | |

उच्च अदालत विराटनगर इलाम इजलासबाट सम्पादन भई आएका काम कारबाहीहरु

१, नेपाल सरकारको तर्फबाट पर्न आउने पुनरावेदन दर्ता

२.मिलापत्र

३.निवेदकले तारेख गुजारेका रिट निवेदनहरुको सुनुवाइ

४. सरकारी निकायलाई विपक्षी बनाइ दायर हुन आएका नयाँ रिट निवेदनको दर्ता र अन्तरिम आदेश सम्मको सुनुवाई

५. बन्दीप्रत्यक्षीकरणका निवेदनहरुको सुनुवाइ

६फौजदारी कार्यविधि संहिताको दफा १५५ नं बमोजिम पर्ने निवेदनहरुको सुनुवाइ

७,बालबालिकासंग सम्बन्धित निवेदनहरुको सुनुवाइ

८,अभियोग पत्र दर्ता र थुनछेक (वाणिज्य र राजस्व चुहावटसंग सम्बन्धित)

९कोरोना महामारी सम्बन्धी निवेदनहरु

१०, नेपाल सरकारका तर्फबाट परेका प्रत्यर्थी नझिकाइएका पुनरावेदनहरुको सुनुवाइ

(२०७७।२।३२) देखि

उच्च अदालत विराटनगर इलाम इजलासबाट मिति २०७७/०३/०७ देखि सुचारु हुने थप काम कारबाहीहरु

१, मुलरूपमा सरकारी निकाय सो मा व्यक्ति समेतलाई जोडेर विपक्षी बनाई दायर हुन आएका नयाँ रिट निवेदनको दर्ता र आन्तरिम आदेश सम्मको सुनवाइ

२, फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम थुनुवाको तर्फबाट परेका र अब पर्ने निवेदन एवं प्रतिवेदनको सुनुवाइ हरेक हप्ताको बिहिबार हुने

३, शुरु अदालतले मुद्दाको सुनुवाइ गरी फैसला गर्दा सम्पुर्ण प्रतिवादीहरु कैद गर्ने गरी फैसला भइ थुनामा बसेका प्रतिवादीहरुको पुनरावेदन दर्ता र सुनुवाइ

(नवराज दुलाल)

रजिष्ट्रार

रजिष्ट्रार